# सुन्दरहरैंचा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

प.सं. ०७४/७५
च.नं. १९०९

मोरङ
प्रदेश नं. १, नेपाल

फोन नं. : ०२१-५४५०५०
दमकल : ०२१-५४६६६६

मिति : २०७४/०९/१४

विषय : परिपत्र सम्बन्धमा ।

श्री वडा कार्यालय (सबै)
सुन्दरहरैंचा नगरपालिका

प्रस्तुत विषयमा स्थानीय निकायबाट स्थानीय सरकार भएको, स्थानीय सरकारको संरचना समेत खडा भै निर्वाचन मार्फत जनप्रतिनिधि समेत आईसकेको हालको अवस्थामा स्थानीय तहले प्रवाह गर्ने सेवालाई सरल र सहज बनाउनको लागि नगर क्षेत्रमा भवन निर्माण हुने वा र्निमाण भै सकेका भवनहरूको हकमा १५ दिने म्याद सूचना, म्याद तामेली सूचना, घरदैलोमा म्याद टाँस मुचुल्का, सार्वजनिक स्थल/भवन निर्माण स्थलमा म्याद टाँस मुचुल्का र सर्जमिन मुचुल्काको हकमा सम्बन्धित वडा कार्यालयबाट नै गर्ने व्यवस्था गर्नुहुन मिति २०७४ साल पुष १४ गतेको नगरप्रमुख स्तरीय निर्णय बाट पास भएको हुदाँ सोही बमोजिम गर्नुहुन आदेशानुसार अनुरोध छ । —

गणेशराज कार्की
नि. प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ
श्री सूचना उपशाखा - जानकारी तथा बेवसाईट अपडेटका लागि ।
श्री आ. पु. प्रमुख. जानकारीका लागि ।

नोट :

- नगरकार्यपालिकाबाट पठाईएको घर नक्सा फायल सम्बन्धित वडा कार्यालयले आफ्नो वडा कार्यालयको मुल दर्ता तथा चलानीमा दर्ता/चलानी गरेर मात्र माथि उल्लेखित काम गर्नुहुन अनुरोध छ ।
- नमुना तथा सहजिकरणका लागि भवन /घरनक्सा दरखास्त फारम भरेर एक/एक प्रती वडा कार्यालयहरूमा पठाएको व्यहोरा समेत जानकारी गराईन्छ ।
- घरनक्सा सम्बन्धि सूचना टाँस गरे बापत प्रति फायल रू ५०।- र सर्जमिन गरेबापत प्रति फायल रू १००।- तोकीएको समयमा सम्पन्न गर्ने कर्मचारीलाई सम्बन्धित वडाको सिफारीसमा प्रोत्साहन बापत उपलब्ध गराईने छ ।